महामारीसँग जुध्न भारतलाई सहयोग गर्ने पाकिस्तानद्वारा... | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २१ • अंक ३३१ • २०७८ साल वैशाख १४ गते मंगलबार (27 April, Tuesday, 2021) • पृष्ठ ८ • मूल्य रु. ५।-

उपत्यका प्रवेशमा कडाई, अनिवार्य क्वारेन्टाइन

# बिहिवारदेखि साता व्यापी निषेधाज्ञा, बिहाका लागि स्वीकृती अनिवार्य

टुडे समाचारदाता

काठमाण्डु, नेपालको संघीय राजधानी काठमाण्डु उपत्यकामा कोरोनाभाइरस संक्रमण बढ्न थालेपछि स्थानीय प्रशासनहरूले वैशाख १६ गते बिहानदेखि एक साताका लागि निषेधाज्ञा जारी गरेका छन्। उपत्यकाका काठमाण्डु, ललितपुर र भक्तपुर जिल्ला प्रशासन कार्यालयले संयुक्त रूपमा विभिन्न प्रतिबन्ध लगाइएको आदेश वैशाख २२ मध्यरातिसम्म कायम रहनेगरि जारी रहने जनाएका छन्।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले निषेधाज्ञा 'लकडाउनजस्तो नहुने' बताउँदै उपत्यकामा संक्रमण बढी देखिएकाले निषेधाज्ञा जारी गर्नु परेको बताए। जिल्ला प्रशासन कार्यालयहरूले जारी गरेको सूचनामा उपत्यका प्रवेश गर्ने व्यक्तिले अनिवार्य रूपमा क्वारेन्टाइनमा बस्नु पर्ने उल्लेख गरिएकोछ। सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्युटी पार्लर, जिम्न्यासियम, पौडी पोखरी, [illegible] खोलिने खेलकुद, पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना बन्द गर्ने निर्णय गरिएकोछ। काठमाण्डु उपत्यका प्रवेश गर्ने व्यक्तिहरू अनिवार्य रूपमा तोकिएका क्वारेन्टीन/होम आइसोलेसनमा बस्नुपर्ने आदेश गरिएको छ। खाद्यान्न, फोहोरमैला, स्वास्थ्य, सञ्चार सहितका अत्यावश्यक सेवाका सवारी साधनहरू सञ्चालनमा रहने भनिएकोछ।

त्यस्तै औषधि पसलहरू, खाद्य सामग्री पसलहरू (दैनिक बिहान १० बजेसम्म र साँझ ५ देखि ७ बजेसम्म) डिपार्टमेन्ट स्टोरका खाद्य पसलहरू मात्र बिहान १० देखि साँझ ५ बजेसम्म खोल्न दिइने छ।

सरकारका कर्मचारीहरू एवं वित्तीय तथा अत्यावश्यक सेवाका कर्मचारीहरूको आवतजावत, सञ्चारकर्मीहरूको आवतजावत र अनुमति लिएर बढीमा १५ जना सहभागी हुने गरी विवाह र व्रतबन्धजस्ता कार्य गर्न सकिने प्रशासनले छुट दिएकोछ। त्यस्तै अस्पताल जानुपर्ने बिरामी कुरुवा एवं मृत्यु संस्कारमा अनिवार्य जानुपर्ने एवम् अन्तर्राष्ट्रिय उडानका भिसा र टिकट हुनेहरूले अनुमति लिएर यात्रा गर्न पाउने व्यवस्था गरिएकोछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार जारी गरेको तथ्यांक अनुसार नेपालमा थप ३ हजार ५ सय ५६ जनामा कोभिड-१९ पुष्टि भएकोछ मन्त्रालयका अनुसार कोरोनाभाइरससँग सम्बन्धित कारणले थप १२ जनाको मृत्यु भएको हो। आइतबार २८ जनाको मृत्यु पुष्टि भएको थियो।

काठमाण्डु उपत्यकामा मात्र १ हजार ५ सय ५६ जना संक्रमित थपिएको सरकारी विवरण छ। मन्त्रालयका अनुसार २४ घण्टामा पीसीआर विधिबाट १२ हजार ४ सय र एन्टिजन विधिबाट ८ सय ९३ जनाको परीक्षण गरिएकोमा क्रमश: ३ हजार ४ सय ४२ र १ सय १४ जनामा कोभिड १९ पुष्टि भएको हो। हाल देशभरि २२ हजार ४ सय ३४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएका संक्रमितहरू आइसोलेसनमा छन्।

उपत्यकाका तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले निषेधाज्ञाको प्रभावकारी कार्यान्वयन विषयमा व्यापक छलफल गरेपछि मात्र निषेधाज्ञा लगाउने निर्णयमा पुगेका थिए।

यसैबीच त्रिभुवन विश्वविद्यालयले पूर्वनिर्धारित परीक्षाहरू अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि स्थगन गरिएको जनाएको छ।

सोमबार बसेको त्रिवि केन्द्रीय परीक्षा सञ्चालक समितिको बैठकले कोभिडको नयाँ लहरको कारण देखाउँदै सञ्चालन भइरहेका र सञ्चालनको प्रक्रियामा रहेका परीक्षाहरू रोक्ने निर्णय गरेको हो। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भारतसँगको स्थल सीमा नाकाहरूबाट नेपालीहरूको आवतजावत बन्द नगर्ने निर्णय भएको परराष्ट्र मन्त्री प्रदीप कुमार ज्ञवालीले जनाएका छन्। सीमा नाका नेपालीलाई खुला गरिएपनि गैरनेपालीको हकमा भने विशेष अवस्थामा बाहेक आवतजावत गर्न नदिने भनेको जनाएका छन्। सीमा नाका भएर नेपाल भित्रिने नागरिकको 'जाँच' स्थानीय प्रशासनले गर्ने गरी सीमा व्यवस्थापन गरिने मन्त्री ज्ञवालीले बताए।



# सखुवानन्कारकट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

# सेवा करारमा दरखास्त आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०१।१४**

यस सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाको दरवन्दी तेरिज तथा पारित गरेको संगठन संरचना तथा गाउँ कार्यापालिका निर्णय बमोजिम निम्न लिखित पदको सेवा, सेवा करारवाट गराउने निर्णय भएकोले यसका लागि ईच्छुक योग्यता पुगेका उमेदवारहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रीत पूर्वकको दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**विज्ञापन नम्वर र सेवा सम्बन्धी विवरण**

| विज्ञापन नं. | पद | श्रेणी | सेवा/समुह/उप समुह | माग संख्या |
|---|---|---|---|---|
| ६/०७७/०७८ | अ.सव ईन्जिनियर | चौथो | ईन्जिनियरिङ्ग/ सिभिल | १ |
| ७/०७७/०७८ | अमिन | चौथो | ईन्जिनियर/ सर्भे | १ |
| ८/०७७/०७८ | सहायक कम्पयुटर अपरेटर | चौथो | विविध | २ |

**(क) आवश्यक न्यूनतम शैक्षिक योग्यता**

१. **ईन्जिनियर सेवा, अ. सव ईन्जिनियर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी वा सो सरह उतीर्ण गरी सम्वन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयवाट सम्वन्धित विषयमा टि.एस.एल.सी. उतीर्ण।

२. **ईन्जिनियर सेवा, सर्भे समूह, अमिन पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट गणित विषय लिई एस.एल.सी वा सो सरह उतीर्ण गरी सर्वे वा जियोमेटिक्स विषयमा १ (एक) वर्षको तालिम प्राप्त गरेको।

३. **विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर विषय लिई एस.एल.सी वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थावाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट क्ष्क्ष्ँ क्पर्षभिम :बल एयधभच को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त।

**(ख) विज्ञापन सम्वन्धी अन्य जानकारी**

१. परिक्षाको किसिम : लिखित र अर्न्तवार्ता।

२. परीक्षा दस्तुर : रु. ३००।- (तीन सय मात्र)

३. दरखास्त दिने अन्तिम मिति : २०७८।०१।२८ गते सम्म र दोबबर दस्तुर मिति २०७८।०२।०२ गते सम्म

४. दरखास्त दस्तुर बुझाउने स्थान : यस गाउँपालिकाको परिहारपुर चौकमा रहेको एन.एम.वी. वैंकको खाता नं. ११०००८५११७५००१९९ मा दरखास्त दस्तुर बुझाई सो को सक्कल वैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

५. उमेर हद : २०७८।०१।२८ सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उमेदवारको हकमा ४० वर्ष ननाघेको।

६. दरखास्त वुझाउने स्थान : सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी।

७. पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र तथा अनुभव प्राप्त गरेको कागजातको प्रतिलिपि।

८. दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उम्मेदवार स्व्यं पूर्ण जवाफदेही हुनुपर्ने छ।

९. पदमा रही गर्नुपर्ने कामको विवरण-कानून वमोजिम।

१०. यस विज्ञापन सम्वन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ।

११. यस सूचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

१२. तोकिएको न्यूनतम योग्यता पूगेका उम्मेदवारहरुले यस गाउँपालिकाको वेवसाइट www.sakhuwanankarkattimun.gov.np बाट दरखास्त फाराम म्यधलयिबम गरी आवश्यक शैक्षिक योग्यता लगायतका कागजातहरु फाइलमा राखी फाइलको आवरणमा सवै विवरण खुलाई तोकिएको राजश्व खातामा राजश्व बुझाएको सक्कल भौचरसहित तोकिएको स्थानमा आवेदन फाराम दर्ता गराउनु पर्नेछ।

१३. ग्रेडिङ प्रणाली लागु भए पश्चात प्रवेशिका परीक्षा (एस.एल.सी वा सो सरह) उतिर्ण गर्ने उम्मेदवारहरुको हकमा न्एब्द प्राप्त गरेकोलाई सम्वन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।

१४. उपयूर्क्त उल्लेखित पदहरुमा केन्द्रीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगवाट उमेदवार सिफारिस भई हाजिर भएमा सेवा करार स्वतह खारेज हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

# सखुवानन्कारकट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

# क्याटलग/ब्रोसर सपिङ विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०१।१४

यस कार्यालयको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको उपकरण सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), गुणस्तर र कम्पनीको आधिकारिक मूल्यखुल्ने कागजात संलग्न राखी तपसिलमा उल्लेख भएबमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१) एम्बुलेन्सको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ। यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा मांग गरिएका अरु थप विवरण अनिवार्य उल्लेख गरी सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ।

२) उक्त कागजात लिनका लागी ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेताले उक्त यान्त्रिक उपकरण बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक विवरण भएको पत्र, स्थायी लेखानम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १५.३० बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्तावदर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहीदिन १६.०० बजे खोलिनेछ।

४) साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

५) पेश गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा, विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | एम्बुलेन्स | 4-Stroke, Water cooled Diesel Engine, developing Maximum rated power output not less than 45 kw at governed RPM and Maximum torque not less than 110 NM at governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ। |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner